# रिब्दीकोट गाउपालिका

# स्थानीय राजपत्र

**खण्डः ७ रिब्दीकोट कार्तिक ३, २०८० साल संख्याः ६**

**भाग-२**


## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम पशु स्वास्थ्य व्यवस्थापन तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता दर्ता सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन, २०८०) सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## पशु स्वास्थ्य व्यवस्थापन तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता दर्ता सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन, २०८०)

संशोधन मितिः २०८०।०६।२८

**१. परिचय :**

गाउँपालिका क्षेत्र भित्रका किसानहरुको पशुमा लाग्ने रोग किरा नियन्त्रण तथा अन्य भैपरी आउने समस्या समाधान गर्नको लागि व्यवस्थापन गरिएको कार्यक्रमलाई पशु स्वास्थ्य व्यवस्थापन कार्यक्रम भनिन्छ । साथै उक्त समस्या समाधानको लागि ३५ दिने तथा १५ महिने तालिम प्राप्त गरी पशु स्वास्थ्य सेवा संचालन गरेको प्राविधिकलाई पशु स्वास्थ्य कार्यकर्ता भनिन्छ । किसानहरुले पालनपोषण गर्दै आएका पशुहरुमा लाग्ने रोग नियन्त्रणको लागि पशु स्वास्थ्य व्यवस्थापन तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता दर्ता कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

**२.कार्यक्रम संचालनको उद्देश्य :**

- पशु स्वास्थ्य सेवा सरल र सहज बनाउने ।
- महामारी रोगबाट हुने क्षतिलाई न्युनिकरण गर्ने ।
- न्युन गुणस्तरहिन पशु स्वास्थ्य सेवा प्रति प्रवाह गर्ने ।

**३. लक्षित समूह :**

- ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता ३ महिने तालिम प्राप्त ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता/१५ तथा १८ महिने तालिम प्राप्त भेटेनरी जे.टि.ए ।

**४.कार्यक्रम संचालन प्रक्रिया**

१.तालिम प्राप्त ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताले सम्बन्धित प्रमाण पत्र कार्यालयमा पेश गर्नु पर्नेछ ।

२. कार्यालयले निश्चित शुल्क लिई कार्यालय आवद्ध गर्ने र सम्बन्धित काम गर्नको लागि अनुमति पत्र प्रदान गरिनेछ । साथै उक्त अनुमति पत्रलाई वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ ।

**५.अपेक्षित उपलब्धी :**

- व्यवसायिक रुपमा पशुपालनबाट आर्थिक बृद्धिदरमा सहयोग पुग्नेछ ।
- रोग नियन्त्रण तथा पशुपंक्षी औषधी उपचार पछि पशुपालनमा हुने क्षतिलाई न्यूनिकरण गर्न सकिनेछ ।

**६. शुल्क तथा अन्य व्यवस्था :**

- ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता सूचिकृत बापत रु १०००।- र नविकरण बापत रु ५००।- शुल्क लाग्ने व्यवस्था रहेको छ ।
- यस कार्यविधि प्रथम पटक राजपत्रमा प्रकाशनमा ल्याइएको एकिकृत कृषि तथा पशुपन्छी कार्यविधि २०७९ मा उल्लेखित परिच्छेद १ र २ सम्म र अनुसूचीहरु कार्यान्वयनमा ल्याईनेछ ।

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत